# बारबर्दिया नगरपालिका
## जयनगर, बर्दिया
### सिलबन्दी दरभाउपत्र आव्हान
### नं.: BMO/G/01/074-075

प्रथम पटक प्रकाशित मितिः २०७४/११/०६

१. ***बारबर्दिया नगरपालिका*** को लागि ***डेस्कटप कम्प्युटर (१० थान)*** ,ल्यापटप(४ थान) ,प्रिन्टर (१०थान), बिल प्रिन्टर (१ थान), ईनभर्टर (७ थान) र ब्याट्री (७ थान) खरिद गर्न आवश्यक भएकोले नेपाल सरकारबाट सम्बन्धित बस्तु वा सेवा सप्लाइ गर्न इजाजत प्राप्त फर्म वा कम्पनीबाट निम्न शर्तको अधीनमा रही रीतपूर्वकको दरभाउपत्र आव्हान गरिन्छ।

२. इच्छुक तथा इजाजत प्राप्त सप्लायरले सिलबन्दी दरभाउपत्र फाराम तथा यस सम्बन्धि थप जानकारी बारबर्दिया नगरपालिका कार्यालय,जयनगर बर्दिया वाट प्राप्त गर्न सक्नेछ।
फोनः ०८४-४०४१००, Email-barabardiyam@gmail.com

३. दरभाउपत्र सम्बन्धी कागजात ***२०७४/११/०६*** देखि कार्यालय खुलेको दिन कार्यालय समय भित्र चालु आ.ब.को लागि नवीकरण भएको ईजाजतपत्र, आयकरको स्थायी लेखा प्रमाणपत्र, आ.व. ०७३/०७४ को कर चुक्ता प्रमाण-पत्र, मु.अ.कर दर्ता प्रमाण-पत्रको प्रमाणित प्रतिलिपी संलग्न राखि निवेदन दिई रु. १०००।- दस्तुर बुझाई (फिर्ता नहुने गरी) खरीद गर्न सकिनेछ। दरभाउपत्र सम्बन्धी कागजात ०७४/११/२० गते सांझ ५:०० बजेसम्म बिक्रीका लागि उपलब्ध हुनेछ।

**४. खरीद भएको सिलबन्दी दरभाउपत्र २०७४/११/२१ गते दिउसो १२:०० बजे भित्र यस कार्यालयको नाममा सम्बोधन गरी कामको विवरण, दरभाउपत्र दाताको नाम र ठेगाना स्पष्ट खुलाई फर्मको छाप लगाई सिलबन्दी लाहाछाप गरि यस कार्यालयमा दर्ता गराउनु पर्नेछ।**

५. सिलबन्दी दरभाउपत्रको मान्य अवधि दरभाउपत्र खोलिने दिनवाट **४५** दिनको हुनु पर्नेछ र सिलबन्दी दरभाउपत्र साथ कम्तिमा **रु. ५०,०००। (अक्षेरुपी पचास हजार मात्र )** बराबरको जमानत वापत नगद जमानि वा सो रकम बराबर सिलबन्दी दरभाउपत्र खोलिने मितिबाट कम्तिमा **७५** दिन ***२०७५ बौशाख २० गते सम्म*** म्याद भएको नेपालको कुनै 'क' बर्ग बैंकबाट यस कार्यालयको पक्षमा जारी भएको बैंक ग्यारेन्टी पेश गर्नु पर्नेछ। यस खरिद कार्यको कूल लागत रु १९८६९९२ (उन्नाईस लाख छयासी हजार नौ सय बयान्ब्य ) भ्याट सहित हुनेछ।

६. यदी दरभाउपत्र दाताले नगद जमानि राख्न चाहेमा सो नगद यस कार्यालयको **एन.आई.सी. एसिया बैंक , शाखा कार्यालय जयनगरमा रहेको धरौटी खाता च. हि. नं. B241498251524004** मा नगद जम्मा गरेको सक्कलै बैंक भौचर सिलबन्दी दरभाउपत्र साथ पेश गर्नु पर्नेछ।

७. दर्ता भएका सिलबन्दी दरभाउपत्र ***२०७४ फाल्गुन २१ गते दिनको २:०० बजे*** सिलबन्दी दरभाउपत्रदाता वा निजका प्रतिनिधिहरु र कार्यालय प्रतिनिधिहरुको रोहवरमा यस कार्यालयमा खोलिनेछ। सिलबन्दी दरभाउपत्रदाता वा निजका प्रतिनिधि उपस्थित नभए पनि दरभाउपत्र खोल्न कुनै बाधा पर्ने छैन।

८. सिलबन्दी दरभाउपत्र खरीद गर्ने, दाखिला गर्ने एवं खोल्ने अन्तिम दिन सार्वजनिक विदा परेमा उक्त कार्यहरु विदाको लगत्तै पछि कार्यालय खुलेको दिन सोही समयमा हुनेछ।

९. सिलबन्दी दरभाउपत्र स्वीकृत भएपछि ठेक्का सम्झौता गर्दा कूल ठेक्का अंकको ५ प्रतिशत ले हुने रकम बरावरको नगद जमानि वा घटीमा १ बर्ष म्याद भएको नेपालको कुनै 'क' बर्ग बैंकबाट यस कार्यालयको पक्षमा जारी भएको कार्य सम्पादन जमानीपत्र (परफरमेन्स वण्ड) पेश गर्नु पर्नेछ।

१०. सिलबन्दी दरभाउपत्र तयार गर्न वा बुझउंदा लाग्ने कुनै खर्च बारबर्दिया नगरपालिकाले व्यहोर्ने छैन।

११. सिलबन्दी दरभाउपत्र पुरै वा आंशिक, स्वीकार्ने वा बदर गर्ने सम्पूर्ण अधिकार बारबर्दिया नगरपालिकामा निहित रहनेछ।

१२. एक फर्मको नाममा खरीद गरिएको सिलबन्दी दरभाउपत्र फारम अर्को व्यक्ति वा फर्मको नामबाट दाखिला गर्न पाइने छैन।

१३. यस सूचनामा उल्लेख नभएका विषयमा सार्वजनिक खरिद ऐन, २०६३ (पहिलो संशोधन) बमोजिम हुनेछ।

बारबर्दिया नगरपालिका कार्यालय, जयनगर बर्दिया